# आर्थिक बर्ष २०७७/७८
# को
# नीति, कार्यक्रम तथा बजेट

नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

**वैदेशिक रोजगार बोर्ड**

## परिच्छेद–एक

### १. बोर्डको परिचय

विगत डेढ दशक यता रहर वा बाध्यताले वैदेशिक रोजगारीमा जाने नेपाली युवाहरुको संख्या उल्लेखनीय रुपमा वृद्धि हुँदै जाँदा यस क्षेत्रमा चुनौति तथा अवसर दुवै बढ्दै गएको छ। आ .ब. २०५०/०५१ देखि २०७६/०७७ को चैत्र मसान्तसम्म १५ वर्षको अवधिमा वैदेशिक रोजगार विभागबाट २ लाख ३७ हजार ९६१ महिला सहित कूल ५४ लाख ९६ हजार ४६० जना जनशक्तिलाइ वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति प्रदान गरेको देखिन्छ। सुरक्षित वैदेशिक रोजगारीलाई प्रवद्र्धन गर्दै सुरक्षित , व्यवस्थित, मर्यादित र तुलनात्मक रुपमा बढी लाभदायी बनाउन तथा वैदेशिक रोजगारमा जाने कामदार र वैदेशिक रोजगार व्यवसायीको हक हितको संरक्षण गर्ने प्रस्तावना सहित वैदेशिक रोजगार ऐन , २०६४ को तर्जुमा गरी कार्यान्वयन भइरहेको छ। उक्त ऐनको दफा (३८) अनुसार माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीज्यूको अध्यक्षतामा वैदेशिक रोजगार बोर्डको गठन गरिएको र सोही ऐनको दफा (३९) मा वैदेशिक रोजगार बोर्डको काम , कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ। विद्यमान ऐन तथा नियमावलीलाई कामदार मैत्री बनाउने उद्देश्यले मिति २०७६।०५।०१ गते नेपाल सरकारले वैदेशिक रोजगार नियमावली , २०६४ को पाँचौं पटक संशोधन गरेको छ भने वैदेशिक रोजगार बोर्डको भूमिकालाई समेत थप सशक्त बनाईएको छ। बोर्डको निर्णय कार्यान्वयन गर्न मिति २०६५ कात्तिक १८ गते बोर्ड सचिवालयको स्थापना भएदेखि नै वैदेशिक रोजगारीमा संलग्न कामदार तथा तिनका परिवारको हक , हित र कल्याणका लागि निरन्तर रुपमा बोर्ड कृयाशील रही आएको छ।

### १.१ वैदेशिक रोजगार बोर्डको प्राथमिकता तथा कार्य क्षेत्र

क) वैदेशिक रोजगारमा संलग्न कामदार र परिवारका सदस्यहरुको स्वास्थ्य उपचारका लागि आर्थिक सहायता उपलब्ध गराउने , मृत्यु तथा अंगभंग भएमा कामदारका परिवारलाई आर्थिक सहायता लगायत बालबालिकाहरुलाई छात्रवृत्ति सहायता उपलब्ध गराउने।

ख) वैदेशिक रोजगारीको सिलसिलामा विभिन्न समस्यामा परी अलपत्र परेका कामदारको उद्दार गरी नेपाल फर्काउने तथा अलपत्र परेका शव नेपाल झिकाई मृतकको घर ठेगानासम्म पुर्याउने।

ग) पूर्व प्रस्थान अभिमुखीकरण तालिमको पाठ्यक्रम तथा शुल्क निर्धारण एवं अनुगमन गर्ने।

घ) सीप तालिमका लागि पाठ्यक्रम तथा शुल्क निर्धारण, सीप परीक्षण एवं अनुगमन गर्ने।

ङ) वैदेशिक रोजगारीबाट फर्केका कामदारको क्षमता अभिवृद्धि , सामाजिक तथा आर्थिक पुनर्एकीकरण कार्यक्रमहरु संचालन गर्ने/गराउने।

च) वैदेशिक रोजगारीका विविध सवालहरुमा अध्ययन तथा अनुसन्धान गर्ने/गराउने।

छ) सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी विविध सचेतनामूलक श्रव्य /दृष्य एवं सूचना सामग्रीहरुको नियमित निर्माण, प्रकाशन तथा वितरण गर्ने।

ज) गन्तव्य मुलुकहरुमा नेपाली दूतावाससँगको समन्वयमा कामदारको सुरक्षासम्बन्धी कार्य गर्ने।

## परिच्छेद–दुई

## २. आ.ब. २०७६/०७७ को समीक्षा

वैदेशिक रोजगारीमा संलग्न कामदार तथा तिनका परिवारको समग्र हित तथा कल्याणकारी कार्य गर्ने प्रमुख दायित्व भएकोले आ.ब. २०७६।०७७ मा बोर्डका कार्यहरु समग्रमा सन्तोषजनक रहेको छ भने सूचना तथा प्रचार प्रसारको दृष्टिकोणबाट समेत यो वर्ष उपलब्धीमूलक नै रहेको छ। कोभिड १९ को संक्रमणबाट बन्दाबन्दी भएको कारणले गर्दा निर्धारित लक्ष्य अनुरुपका केही कार्यक्रमहरु सम्पन्न हुन सकेनन्। बोर्डको अनिवार्य दायित्वतर्फ कल्याणकारी कार्यका लागि आ.ब. २०७६।०७७ को जेठ मसान्त सम्म ५६ करोड ८४ लाख २४ हजार खर्च भएको छ। उक्त रकम वैदेशिक रोजगारीको क्रममा मृत्यु तथा अंगभंग भएकालाई नियमानुसार आर्थिक सहयोग गर्न , कामदारका परिवारलाई स्वास्थ्य उपचार , पूर्व प्रस्थान अभिमुखीकरण तालिम वापत महिला कामदारलाई शोध भर्ना , विदेशमा अलपत्र परेका कामदार एवं शवहरु नेपाल झिकाउन, वैदेशिक रोजगार छात्रवृत्ति वितरण लगायतका कार्यहरुमा खर्च गरिएको छ। वैदेशिक रोजगारीको क्रममा मृत्यु तथा अंगभंग भएका कामदारका परिवारले पाउने आर्थिक सहायता रकम स्थानीय तहमार्फत् निवेदन लिने र नियमानुसार पाउने रकम पीडित कामदार एवं परिवारका नजिकका हकदारको खातामा सिधै पठाउन सकिने गरी सफ्टवेयर निर्माण कार्य सम्पन्न भएको छ भने यस आ .ब. २०७७।०७८ बाट परीक्षणको रुपमा केही स्थानीय तहबाट शुरु गर्ने योजना रहेको छ।

चालु आ.ब. २०७६।०७७ मा वैदेशिक रोजगारीमा जान चाहने तथा फर्केका कामदारलाई लक्षित गरी विभिन्न विषयमा सातैवटा प्रदेशहरुमा निशुल्क सीप तालिम संचालन गर्ने कार्यलाई तिव्रता दिईएको छ। वैदेशिक रोजगार विभागबाट अनुमति प्राप्त १९ विषयमध्ये १३ वटा विषयको पाठ्यक्रमहरुलाई परिमार्जन गरी राष्ट्रिय सीप परीक्षण समितिको तह १ बराबर अर्थात् न्यूनतम् १६० घण्टा (३० कार्यदिन) को बनाईएको छ भने प्रत्येक सीप विषयमा शुल्क समेत पुनरावलोकन गरिएको छ। साथै आन्तरिक श्रम बजारमा मागको अवस्थालाई ध्यानमा राखी टायल मार्बल कटिङ्ग फिटिङ्ग , व्युटिपार्लर सहायक, जुनियर फर्निचर मेकर, आल्मुनियम फेव्रिकेटर सहायक, जुनियर फ्रन्ट अफिस गरी थप ५ वटा सीप तालिम विषयमा नयाँ पाठ्यक्रम तर्जुमा गरिएको छ भने केयर गिभरको पाठ्यक्रमलाई समेत पुनरावलोकन गरी थप व्यवहारिक हुनेगरी परिमार्जन गरिएको छ। सीप तालिमलाई वैदेशिक रोजगार विभागको अनलाईन पद्धतिमा एकीकृत हुनेगरी र सीप तालिम लिएका व्यक्तिको समग्र विवरण लिने गरी विशेष सफ्टवेयरको निर्माण गर्ने कार्य सम्पन्न गरिएको छ। आ .ब. २०७६।७७ मा करीब १० हजार जनालाई निःशुल्क सीप तालिम प्रदान गर्ने लक्ष्य अनुसार ऋत्भ्ख्त् का आंगिक प्राविधिक शिक्षालयहरु (काठमाडौं, काभ्रे, बुटवल, पोखरा, महोत्तरी, धनुषा र नेपालगञ्ज) बाट विभिन्न सीप विषयमा तालिम संचालन भएका छन्। निजी क्षेत्रबाट समेत सातवटै प्रदेशमा निशुल्क सीप तालिम प्रदान गर्न सीप तालिम प्रदायक संस्थाहरु छनौट गर्ने कार्य सम्पन्न गरिएको भए तापनि कोभिड –१९को संक्रमण र बन्दाबन्दीको कारण सञ्चालनमा ल्याउन सकिएन। वैदेशिक रोजगारबाट फर्किएका कामदारलाई राष्ट्रिय सीप परीक्षण समितिमार्फत् निशुल्क सीप परीक्षण गर्ने गरी सम्झौता भएको छ।

पूर्व प्रस्थान अभिमुखीकरण तालिमलाई समयानुकूल नतिजामुखी बनाउन यससँग सम्बन्धित कार्यविधि तथा पाठ्यक्रमलाई परिमार्जन गरिएको छ भने खाडी मुलुक , मध्यपूर्व, मलेसिया, जापान/कोरिया, ईजरायल र अन्य गरी ६ वटा क्लष्टरमा विभाजन गरी तालिम म्यानुअलहरु विकास गर्ने कार्यलाई तिव्रता दिईएको छ। आ.ब. ०७७/७८ मा यी पाठ्यक्रमहरुलाई प्रभावकारी ढंगबाट कार्यान्वयन गर्ने दिशातर्फ बोर्ड सचिवालयले ध्यान केन्द्रीत गर्नेछ। सुरक्षित वैदेशिक रोजगार सम्बन्धमा क्तयचथ त्भिि्ष्लन विधि तथा तरिका बारे सम्बन्धित क्षेत्रका संचारकर्मीहरुलाई ज्ञान एवम् सीप प्रदान गर्ने उद्देश्यले २ दिने आवासिय तालिम सम्पन्न

भएको छ । त्यसैगरी मलेसियामा नेपाली कामदार पठाउने इजाजतपत्र प्राप्त संस्थाका प्रतिनिधिहरुलाई मलेसियासँगको द्विपक्षीय सम्झौता लगायतको विषयमा वैदेशिक रोजगार विभागसँगको सहकार्यमा अनुशिक्षण कार्यक्रम सम्पन्न गरियो ।

सुरक्षित वैदेशिक रोजगारीका लागि सूचना प्रवाह गर्ने कार्यमा पनि यो आर्थिक वर्ष महत्वपूर्ण रह्यो । सकेसम्म स्वदेशमा नै श्रम गरौं, वैदेशिक रोजगारीमा जानु नै छ भने सबै कुरा राम्रोसँग बुझेर मात्र जानुपर्छ भन्ने सन्देश सहितका श्रव्य सामग्रीहरु रेडियो तथा एफ.एम. रेडियो मार्फत् देशभर प्रसारण गरिएका छन् भने कोभिड–१९ सम्बन्धी सचेतना बढाउने उद्देश्यले स्थानीय भाषामा सूचनाहरु निर्माण गरी स्थानीय एफ.एम. रेडियोहरुबाट प्रशारण भएका छन् । यसका अलावा अभिमुखीकरण तथा सीप तालिमको महत्व झल्किने श्रव्य तथा श्रव्य दृष्य सामग्रीहरु समेत निर्माण गरी रेडियो र टेलिभिजनहरुबाट समेत प्रसारण गरिएको छ । साथै, नेपाल टेलिभिजन र रेडियो नेपालबाट साप्ताहिक रुपमा सुरक्षित वैदेशिक रोजगारी सम्बन्धी कार्यक्रमहरु प्रसारण गरिएका छन् । सचिवालयमा राष्ट्रिय आप्रवासन सूचना केन्द्रको स्थापना गरी विभिन्न जिल्लाहरुमा रहेका आप्रवासन सूचना केन्द्रबाट वितरण गर्ने गरी विभिन्न जानकारीमूलक सूचना सामग्रीहरुको प्रकाशन तथा वितरण गरिएको छ ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र अन्तर्गतका सबै निकायहरुबाट हुने गरेका काम कारवाहीहरु प्रति महत्वपूर्ण जानकारी दिने , सकारात्मक सुझाव ग्रहण गर्ने र सेवाग्राहीहरुको गुनासो सुनुवाई गर्ने उद्देश्यले मन्त्रालयमा अत्याधुनिक प्रविधि सहितको "कल सेन्टर" को स्थापना र सञ्चालन गर्ने कार्यलाई यस आ .ब. मा निरन्तरता दिईएको छ । गुनासो सुनुवाई सम्बन्धमा सम्बन्धित निकायबाट सम्बोधन भए नभएकोबारे माननीय मन्त्रीज्यू तथा सचिवज्यूबाट अनलाईनबाटै अनुगमन गर्न सकिने व्यवस्था समेत गरिएको छ । श्रम कल सेन्टरको व्यवस्थापनका लागि छुट्टै कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ ।

वैदेशिक रोजगारीमा रहेका नेपाली कामदारहरुको कल्याणका लागि विदेशस्थित नियोगहरुमा संचालित सुरक्षित गृहको स्तरोन्नति र जनसम्पर्क सहायक परिचालनका लागि बोर्डबाट आर्थिक सहायता उपलब्ध गराइएको छ । स्वदेशभित्र समेत वैदेशिक रोजगार विभाग अन्तर्गत श्रम कार्यालयहरुमा सेवाग्राहीहरुको हित/सुविधाका लागि आवश्यक सेवा सुविधाहरु मागका आधारमा उपलब्ध गराउने कार्यलाई समेत निरन्तरता दिइएको छ ।

कोभिड–१९ को संक्रमणका कारण तेस्रो चौमासिकको शुरुवात देखि नै मुलुक बन्दाबन्दीको अवस्थामा रहेतापनि सचिवालयबाट सम्पन्न गरिएका केही महत्वपूर्ण कार्यहरु देहाय बमोजिम रहेका छन् –

क) बन्दाबन्दी शुरु भएपछि तत्कालै कोभिड –१९ का कारण बैदेशिक रोजगारीमा रहेका नेपाली कामदारलाई पर्न सक्ने प्रभाव र समस्या समाधान गर्न अपनाउनु पर्ने रणनीतिक उपायहरुबारेमा गहन अध्ययन गरी सोको प्रतिवेदन मन्त्रालयमा पेश गरिएको छ ।

ख) वैदेशिक रोजगारीको क्रममा विविध कारणले मृत्यु भएका तथा बन्दाबन्दी र अन्तर्राष्ट्रिय उडान बन्द भएको कारण नेपाल ल्याउन नसकिएका मृतक कामदारको तथ्यांक सम्बद्ध नेपाली नियोग तथा कन्सुलर विभागसँग समन्वय गरी संकलन गर्ने कार्य भएको छ । यस विषम परिस्थितिमा मृतकको शव सम्बन्धित मुलुकमा नै अन्त्येष्टिका लागि सहमति प्रदान गर्ने परिवारलाई रु . ५० हजार सान्त्वना राहत प्रदान गर्न मा . मन्त्रीस्तरको निर्णय कार्यान्वयनमा आएको छ । यो निर्णयबाट १०० भन्दा बढी मृतक कामदारको शव सम्बन्धित मुलुकमा नै अन्त्येष्टिको लागि परिवारबाट सहमति प्राप्त भएको छ ।

ग) मृतक कामदारको शव सम्बन्धित मुलुकमा अन्त्येष्टिका लागि परिवारका सदस्यहरुलाई सम्पर्क गर्ने, सूचना प्रदान गर्ने तथा मनोसामाजिक परामर्श सहित परिवारबाट सहमतिका लागि आवश्यक

प्रकृयाहरुबारे जानकारी दिने कार्यका लागि श्रम कल सेन्टर परिचालन गरिएको थियो । यस कार्यमा आवश्यक सहयोग तथा सहजीकरणका लागि गृह मन्त्रालयमार्फत् सबै जिल्ला प्रशासन कार्यालयमा र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत् सबै स्थानीय तहलाई समेत अनुरोध गरिएको थियो ।

घ) श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका तथा करार अवधिभित्र समस्यामा परी अलपत्र परेका र आममाफी पाएका नेपाली श्रमिकहरुलाई नेपाल फर्काउन मलेसिया , यु.ए.ई., बहराईन र साउदी अरबमा माग भए बमोजिम रु . ८० लाख रकम पठाईएको छ ।

ङ) कोभिड लगायत वैदेशिक रोजगारीका समसामयिक विषयमा सन्देशमूलक सूचना निर्माण गर्ने , स्थानीय संचारमाध्यमबाट प्रचार प्रसार गर्ने , वैदेशिक रोजगारसम्बन्धी सचेतनामूलक सामग्रीहरुको छपाई गर्ने, सीप तालिम तथा स्थानीय तहबाट आर्थिक सहायता प्रदान गर्ने सम्बन्धी अनलाईन सफ्टवेयर निर्माण गर्ने कार्य समेत लकडाउन अवधिभित्रै सम्पन्न गरिएका छन् ।

## २.१ कार्यान्वयन हुन नसकेका कार्यक्रमहरु तथा कारण

कोभिड–१९ को संक्रमण र बन्दाबन्दीका कारण आ .ब. २०७६।०७७ मा लक्ष्य अनुरुपका केही कार्यक्रमहरु कार्यान्वयनमा ल्याउन सकिएन भने सञ्चालन भैरहेका सीप तालिम लगायतका कार्यक्रम समेत स्थगित गर्नु परेको छ । विशेषगरी अभिमुखीकरण तालिमसम्बन्धी तोकिएका कार्यहरु , वित्तीय साक्षरता तालिम , मनोसामाजिक परामर्श सहितको सुरक्षित गृह संचालन गर्ने कार्य , उद्यमशिलता विकास तालिम , वैदेशिक भ्रमण आदि जस्ता महत्वपूर्ण कार्यहरु प्रकृया शुरु गरिएको भए तापनि सम्पन्न हुन सकेनन् । खासगरी कार्यविधिको अभावमा पुनर्एकीकरणसम्बन्धी कार्यहरु अगाडि बढाउन सकिएन ।

## २.२ आ.ब. २०७६/०७७ को विनियोजन र खर्च

आर्थिक बर्ष ०७६।७७ मा चालु खर्च कार्यक्रमतर्फ (कल्याणकारी कार्य, कार्यक्रम खर्च, कार्यालय व्यवस्थापन खर्च) जम्मा रु १ अर्ब २८ करोड ७६ लाख विनियोजन भएकोमा ६८ करोड ६ लाख ५६ हजार खर्च भएको छ । पुँजीगततर्फ रु २७ लाख ५० हजार बजेट स्वीकृत भएकोमा शतप्रतिशत खर्च भएको छ । यसैगरी नेपाल सरकारबाट विनियोजित रकम चालु खर्च तर्फ १ करोड ७ लाख भएकोमा ९८ लाख १२ हजार खर्च भएको छ ।

## २.३ उपलब्धी (भौतिक तथा वित्तीय)

आ.ब. २०७६/०७७ मा भौतिक प्रगति नेपाल सरकार स्रोत तर्फ १००% र कोषको स्रोत तर्फ ८९% रहेको छ । वित्तीय प्रगतिको हकमा नेपाल सरकार स्रोततर्फ ८३ .६३% र कोषको स्रोत तर्फ ४३ .३४% रहेको छ भने बेरुजू फर्छौट ५५% रहेको छ । वित्तीय सुधारतर्फ विभिन्न बाणिज्य बैंकहरुमा ब्याज नआउने गरी कल तथा चल्ती खातामा रहने रकम ब्याज आउने गरी नियमित रुपमा विभिन्न बाणिज्य बैंकहरुमा पुनः लगानी गरिएको छ ।

आर्थिक वर्ष ०७६ /७७ मा सम्पन्न उल्लेखित महत्वपूर्ण कार्यहरुका अलावा सम्पन्न भएका अन्य कार्यहरुको विस्तृत विवरण समेत समेटी सचिवालयबाट छुट्टै प्रगति विवरण प्रकाशन तथा वितरण गरिने योजना रहेको छ ।

## २.४ प्रमुख समस्या तथा चुनौतिहरु

- कार्यविधि तथा निर्देशिका समयमै स्वीकृत हुन नसक्दा कार्यक्रम कार्यान्वयनमा ढिलाई हुने गरेको ।

- विदेशस्थित सम्बन्धित नियोगसँग समन्वयमा समस्या रहेको छ । खासगरी जोर्डन लगायतका रोजगारदाता मुलुकमा दूतावास तथा श्रम सहचारी नभइ दिँदा कामदारको उद्दार तथा मृतक कामदारको शव समयमा नेपाल ल्याउन समस्या देखिएको छ ।
- वैदेशिक रोजगारमा जाने कामदारको संख्या दिनप्रतिदिन बढ्दै जाँदा समस्याहरु समेत वृद्धि भएको तर सो बमोजिम आवश्यक जनशक्ति न्यून भएकोले कार्यसम्पादनमा कठिनाई भएको ।
- बोर्डको निर्णय कार्यान्वयनमा सचिवालयलाई आर्थिक सहायतता प्रदान गर्न अनिवार्य दायित्व तर्फ केहीमा बाहेक अन्य आर्थिक कार्यका लागि अख्तियारी नहुँदा प्रभावकारी सेवा प्रवाहमा समस्या देखिएको छ ।

## परिच्छेद-तीन

## ३. नेपाल सरकारको नीति र प्राथमिकता

प्रत्येक नेपाली नागरिकलाई रोजगारीको छनौट गर्न पाउने संवैधानिक हक प्राप्त छ । वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित, व्यवस्थित र शोषणमुक्त बनाउन यस क्षेत्रको नियमन र व्यवस्थापन गर्ने तथा वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी , सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने संवैधानिक व्यवस्था रहेको छ । यो व्यवस्थाको मर्मलाई आत्मसात् गर्दै बाध्यतावश हुने वैदेशिक रोजगारीलाई न्यूनीकरण गर्ने , न्यूनतम् सीपयुक्त जनशक्तिलाई पूर्णरुपमा सुसूचित एवं सचेत बनाएर मात्रै वैदेशिक रोजगारीमा पठाउने र प्राप्त हुने सीपयुक्त जनशक्ति तथा विप्रेषणलाई राष्ट्र निर्माणमा उपयोग गर्ने नीति राज्यले लिएको छ ।

पन्ध्रौं योजना (आ.ब. ०७६/७७-०८०/८१) को दीर्घकालीन राष्ट्रिय रणनीतिले तीव्र, दिगो र रोजगारमूलक आर्थिक वृद्धि हासिल गर्ने उद्देश्य राखेको छ । मुलुकको आर्थिक रुपान्तरणका लागि प्रमुख सम्वाहकको रुपमा गुणस्तरीय मानव पूँजी निर्माण , उद्यमशील कार्य संस्कृति , विकास र सम्भावनाको पूर्ण उपयोग गर्ने तथा यसका लागि सामाजिक पूँजी र विश्वभर फैलिएका नेपाली समुदायलाई सहयोगी क्षेत्रको रुपमा अंगिकार गरेको छ । उक्त योजनाको परिच्छेद १० को रणनीति ५ मा वैदेशिक रोजगारीका चक्रलाई सुरक्षित , मर्यादित, शोषणमुक्त र अधिकतम प्रतिफलदायक बनाउने उल्लेख गरिएको छ । यस अन्तर्गत वैदेशिक रोजगारको क्षेत्रलाई सुरक्षित , व्यवस्थित र मर्यादित बनाउनका लागि देहाय बमोजिमका कार्यनीतिहरु राखिएका छन् ः

१. प्रमुख गन्तव्य मुलुकहरुसँग श्रम सम्झौता गर्नुका साथै विदेशमा रहेका नेपाली श्रमिकहरुको हक हितको संरक्षण र सामाजिक सुरक्षाका लागि श्रम कूटनीति अवलम्बन गरिनेछ ।

२. गन्तव्य मुलुकमा कामदारको हक हितको संरक्षण , प्रवद्र्धन र उद्धारका लागि त्यहाँ रहेका सेवा प्रदायक, गैरआवासीय तथा प्रवासी नेपाली संघ संगठन र प्रतिष्ठित रोजगारदाता कम्पनीसँग प्रभावकारी समन्वय कायम गरिनेछ ।

३. देशलाई आवश्यक पर्ने जनशक्तिको पहिचान र व्यवस्थापन गर्दै जगेडा श्रमिकलाई गन्तव्य मुलुकसँग श्रम सम्झौता गरी वैदेशिक रोजगारमा पठाउने व्यवस्था गरिनेछ ।

४. वैदेशिक रोजगारको लागि जानेहरुको पूर्व अभिलेख राखी त्यसलाई सुरक्षित व्यवस्थित एवम् मर्यादित गरिनेछ । साथै , सबैखाले विकृतिहरुको कडाईका साथ नियन्त्रण गरिनेछ ।

आ.ब. ०७७/७८ को नेपाल सरकारको नीति तथा कार्यक्रमको बुँदा नम्बर ३९ मा कोभिड -१९ को संक्रमणका कारण रोजगारी गुमाएका श्रमिकलाई लक्षित गरी सीप विकास तालिम र रोजगारी एवं आय आर्जन सम्बन्धी विशेष कार्यक्रम संचालन गरिने उल्लेख भएको छ । त्यस्तै बुँदा नम्बर ८१ मा सीपयुक्त र दक्ष श्रमिकहरुको अभावलाई सम्बोधन गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् र श्रम तथा सीप विकास सम्बन्धी सबै निकायका कार्यक्रमहरुलाई एकीकृत रुपमा परिचालन गरिने तथा आवश्यकतानुसार सबै स्थानीय तहमा छोटो अवधिका घुम्ती तालिम संचालन गरिने नीति रहेको छ । बुँदा नम्बर ८२ मा नवप्रवर्तनकारी युवा तथा अन्य उद्यमी र वैदेशिक रोजगारबाट फर्केका अनुभवी तथा सीपयुक्त उद्यमशील युवाहरुलाई उद्यम व्यवसाय शुरु गर्न शुरुवाती पुँजी उपलब्ध गराउने नीति तथा बुँदा नम्बर १०४ मा अर्ध बेरोजगार र वैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई कृषि व्यवसायमा आकर्षित गरिने उल्लेख छ भने बुँदा नम्बर २७० मा नेपाली कूटनीतिक नियोगहरुलाई सुरक्षित र मर्यादित वैदेशिक रोजगारीका लागि परिचालन गर्ने नीति नेपाल सरकारले लिएको छ ।

आ.ब. ०७७।७८ को बजेटको बुँदा नम्बर ६२ मा कोरोनाका कारण रोजगारी गुमेका र वैदेशिक रोजगारीबाट फर्केकालाई पारिश्रमिक सहितको जनसहभागिता मूलक र प्रविधि सहितको श्रममूलक विकास निर्माणमा परिचालन गर्न नेपाल सरकारबाट आवश्यक रकमको व्यवस्था मिलाईएको उल्लेख छ । त्यस्तै बुँदा नम्बर ६४ मा कोरोनाका कारण देशको श्रम बजारमा कार्यरत विदेशी कामदाहरु स्वदेश फर्किए पछि सिर्जना भएको रोजगारीको अवसर नेपालीले पाउने गरी सीप विकास , तालिम र प्रविधिको पहुँच पुऱ्याउने प्रबन्ध मिलाइने , कोरोनाको कारण रोजगारी गुमेका र तत्काल पुनरुत्थान भई रोजगार सृजना हुन नसक्ने क्षेत्रमा कार्यरत रहेका मजदुरको सीप रुपान्तरण गरी अन्यत्र काम गर्न सक्षम तुल्याउन उत्पादन र सेवा क्षेत्रका हस्तकला , प्लम्बिङ, बिजुली मर्मत , इलेक्ट्रोनिक्स, कुक, कालिगड, सिकर्मी, डकर्मी, सिलाई कटाइ , ब्युटिशियन, कपाल कटाई लगायतका सीप विकास तालिम तथा प्रशिक्षण संघ र प्रदेशस्तरमा संचालन गरी कम्तमिा ५० हजार व्यक्तिले रोजगारीको अवसर प्रदान गरिने उल्लेख गरिएको छ । बजेट बक्तव्यको बुँदा नम्बर ६६ मा प्राविधिक तथा व्यवसायिक शिक्षा एवम् तालिम प्रदायक संस्थाको सुदृढीकरण गरी आगामी बर्ष ७५ हजार व्यक्तिलाई सीपमूलक तालिम प्रदान गर्ने र यसबाट वैदेशिक रोजगारीबाट फर्केका युवाले रोजगारी प्राप्त गर्ने अपेक्षा लिएको छ । बजेट बक्तव्यको बुँदा नम्बर ७० मा वैदेशिक रोजगार प्रबद्र्धन कोषलाई वैदेशिक रोजगारीमा गएका श्रमिकको कल्याणका अतिरिक्त रोजगारी पुनरुथापना गर्ने कार्यक्रममा समेत उपयोग गरिने र वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको सीप , अनुभव र रुचिको अभिलेख बनाई देशभित्र सिर्जना हुने कामका अवसरमा जोडिने कुरा उल्लेख गरिएको छ ।

अर्कोतर्फ स्थानीय सरकार संचालन ऐन , २०७४ को दफा ११ (थ) बेरोजगारको तथ्यांक संकलन अन्तर्गत बुँदा नम्बर (४) मा सुरक्षित बैदेशिक रोजगारी र वैदेशिक रोजगारीमा रहेको श्रम शक्तिको सूचना तथा तथ्यांकको संकलन तथा व्यवस्थापन, ९५) रोजगार सूचना केन्द्रको व्यवस्थापन तथा सञ्चालन, ९६) वैदेशिक रोजगारीमा जाने श्रम शक्तिको लागि वित्तीय साक्षरता र सीपमूलक तालिमको सञ्चालन , ९७) वैेदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको सामाजिक पुनः एकीकरण र (८) वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप र उद्यमशीलताको उपयोग गर्ने कार्यनीति उल्लेख भएका छन् ।

यसरी नेपालको संविधान, पन्ध्रौं योजना, आ.व. २०७७/७८ को नेपाल सरकारको नीति तथा कार्यक्रम तथा बजेट, स्थानीय सरकार संचालन ऐन , २०७४ र वैदेशिक रोजगार ऐन , २०६४ तथा नियमावली, २०६४ ले निर्दिष्ट गरेका काम कर्तव्य एवं भूमिका , विभिन्न समयमा गठित कार्यदलहरुका महत्वपूर्ण सुझावहरु समेतका आधारमा तथा औपचारिक माध्यमबाट वैदेशिक रोजगारीमा जान चाहने , गएका र वैदेशिक रोजगारीबाट फर्केका नेपाली कामदार एवं तिनका परिवारको हितलाई केन्द्रविन्दुमा राखी आ. व. ०७७।७८ का लागि वैदेशिक रोजगार बोर्डको बार्षिक नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

## ३.१ आ.ब. २०७७।७८ को लागि बोर्डको वार्षिक नीति कार्यक्रम र बजेट

### ३.१.१ उद्देश्य

क) बोर्डबाट प्रदान गरिने सेवाहरुलाई प्रविधिमैत्री बनाई पहुँच विस्तार गर्ने ।

ख) कोभिड–१९ का कारण गन्तव्य मुलुकमा अलपत्र परेका वैधानिक नेपाली कामदारहरुलाई स्वदेश फिर्ता एवम् उद्दार गर्ने ।

ग) कोभिड–१९ लगायतका समस्याबाट प्रभावित भई फर्किएका कामदारलाई पुनर्एकीकरण गर्ने ।

घ) वैदेशिक रोजगारमा जाने र फर्किने कामदारहरुको सीप क्षमता अभिवृद्धि गर्ने ।

ङ) विदेशमा रहेका नेपाली कामदारहरुको उद्दार, हकहित एवंम् सुरक्षाको प्रवद्र्धन गर्ने ।

च) पूर्व प्रस्थान अभिमुखीकरण तालिमलाई परिणाममुखी र गुणस्तरीय बनाउने ।

छ) वैदेशिक रोजगार नीति तथा कार्ययोजनाको पुनरावलोकन गरी प्रभावकारी कार्यान्वयन गर्ने ।

ज) बोर्डको ५ बर्षे रणनीतिक योजना तर्जुमा र कार्य सञ्चालन निर्देशिका पुनरावलोकन /परिमार्जन गरी कार्यान्वयनमा ल्याउने ।

झ) रोजगार प्रवद्र्धनका लागि सचेतना अभिवृद्धि गर्ने ।

### ३.१.२ नीति

क) बोर्डबाट प्रदान गरिने नियमित कल्याणकारी सेवालाई अनलाइन प्रणाली मार्फत स्थानीय तहसम्म विस्तार गरी सेवाग्राहीको पहुँचलाई सरल र सहज बनाइने छ ।

ख) कोभिड–१९ का कारण गन्तव्य मुलुकमा अलपत्र परेका नेपाली कामदारहरुलाई स्वदेश फिर्ति एवम् उद्दारका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

ग) वैदेशिक रोजगारीको क्रममा कोभिड –१९ लगायतका समस्याबाट प्रभावित भई फर्किएका नेपाली कामदारलाई वैदेशिक रोजगार कल्याणकारी कोषको आर्थिक क्षमता बमोजिम प्राथमिकताका आधारमा सामाजिक, आर्थिक पुनर्एकीकरण कार्यक्रम संचालनमा ल्याइनेछ ।

घ) वैदेशिक रोजगारीमा दक्ष तथा सीपयुक्त कामदार मात्र पठाउने नीति क्रमशः कार्यान्वयनमा ल्याईने छ । त्यसका लागि श्रम गन्तव्य मुलुकको मागको आधारमा सीपमूलक तालिम कार्यक्रम संचालन गरिनेछ ।

ङ) वैदेशिक रोजगारीबाट फर्केका कामदारले विदेशमा सिकेका सीपको अभिलेख राख्ने , सीप परीक्षण गराउने र आवश्यकता अनुसार थप सीपमूलक तालिम प्रदान गरी स्वदेशमा नै रोजगारी तथा रोजगार श्रृजना गर्ने वातावरण मिलाइने छ ।

च) नेपाली कामदारको उद्दार , हित एवंम् सामाजिक सुरक्षाको प्रवद्र्धनका लागि नेपाली नियोग मार्फत सम्बन्धित रोजगार मुलुकको सम्बद्ध निकायसँग समन्वय गरिनेछ ।

छ) पूर्वप्रस्थान अभिमुखिकरण तालिमलाई नतिजामूखी हुने गरी क्रमशः सिकाई परीक्षण मार्फत गुणस्तरीयरुपमा कार्यान्वयनमा ल्याइनेछ ।

ज) वैदेशिक रोजगार सम्बन्धी नीति एवम् कार्ययोजनाको आधारमा वैदेशिक रोजगार बोर्डको ५ बर्षे रणनीतिक योजना तर्जुमा तथा बोर्डको कार्य सञ्चालन निर्देशिका परिमार्जन/ संशोधन गरी कार्यान्वयनमा ल्याइनेछ ।

झ) सुरक्षित व्यवस्थित र मर्यादित रोजगारीको प्रवद्र्धनका लागि सचेतनामूलक सूचना तथा सामाग्रीहरु उत्पादन तथा प्रसारण गरिनेछ ।

## ३.२ आ.ब. ०७७/७८ का लागि प्रस्तावित कार्यक्रम तथा बजेट

क) बोर्डबाट प्रदान गरिने नियमित कल्याणकारी सेवालाई अनलाइन प्रणाली मार्फत स्थानीय तहसम्म विस्तार गरी सेवाग्राहीको पहुँचलाई सरल र सहज बनाइने छ ।

**कार्यक्रमहरु**

- मृतक कामदारका परिवारलाई आर्थिक सहायता
- मृतक कामदारका परिवारलाई रु ५० हजार सान्त्वना राहत सहायता
- रु सात लाख आर्थिक सहायता नपाउनेको हकमा प्रदान गरिने आर्थिक सहायता
- कामदारका परिवारलाई वितरण गरिने स्वास्थ्योपचार सहयोग
- विद्यालयस्तरमा छात्रवृत्ति सञ्चालन
- कामदारको शव निजको घर ठेगानासम्म पुर्याउने
- वैदेशिक रोजगारीमा जान छनौट भएका महिलाले अभिमुखीकरण तालिम लिंदा तिरेको रकम शोधभर्ना

ख) कोभिड–१९ का कारण गन्तव्य मुलुकमा अलपत्र परेका नेपाली कामदारहरुलाई स्वदेश फिर्ति एवम् उद्दारका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

**कार्यक्रमहरु**

- ऐनको दफा ७५ (२) वमोजिम वैदेशिक रोजगारमा अलपत्र कामदारको उद्धार (गम्भिर प्रकृतिको विरामी समेत)

ग) वैदेशिक रोजगारीको क्रममा कोभिड –१९ लगायतका समस्याबाट प्रभावित भई फर्किएका नेपाली कामदारलाई वैदेशिक रोजगार कल्याणकारी कोषको आर्थिक क्षमता बमोजिम प्राथमिकताका आधारमा सामाजिक, आर्थिक पुनर्एकीकरण कार्यक्रम संचालनमा ल्याइनेछ । यस अन्तर्गत बिशेष गरी वैदेशिक रोजगारीबाट फर्केका कामदारले विदेशमा सिकेका सीपको अभिलेख राख्ने , सीप परीक्षण गराउने र आवश्यकता अनुसार थप सीपमूलक तालिम प्रदान गरी स्वदेशमा नै रोजगारी तथा रोजगार श्रृजना गर्ने वातावरण मिलाइने छ ।

**कार्यक्रमहरु**

- वैदेशिक रोजगारीबाट फर्केका कामदारहरुको सीप परीक्षण वापतको शुल्क सोधभर्ना
- बैदेशिक रोजगारवाट फर्किएकाहरुका लागि निःशुल्क सीपमूलक तालिम
- वैदेशिक रोजगारबाट फर्किएकालाई उद्यमशीलता तालिम
- मनोसामाजिक परामर्श सेवा
- वैदेशिक रोजगारबाट फर्किएका कामदारहरुलाई वित्तीय साक्षरता तालिम
- स्थानीय तहको क्षमता अभिवृद्धि र अनुगमन
- वित्तीय संस्थाबाट सहुलियतपूर्ण कर्जाका लागि समन्वय तथा सहजीकरण

घ) वैदेशिक रोजगारीमा दक्ष तथा सीपयुक्त कामदार मात्र पठाउने नीति क्रमशः कार्यान्वयनमा ल्याईने छ । त्यसका लागि श्रम गन्तव्य मुलुकको मागको आधारमा सीपमूलक तालिम कार्यक्रम संचालन गरिनेछ ।

**कार्यक्रमहरु**

- वैदेशिक रोजगारमूलक सीप विकास तालिम आ.व. ०७६।७७ को भुक्तानी दिन बाँकी क्रमागत
- सीप तालिम प्रदायक संस्थाको पूर्वाधार निरीक्षण/अनुगमन
- घरेलु कामदारसम्बन्धी पाठ्यक्रम र कार्यविधि पुनरावलोकन
- सीप तालिम प्रदायक संस्थाहरुलाई अनुशिक्षण/अन्तरक्रिया/समीक्षा

ङ) नेपाली कामदारको उद्दार , हित एवंम् सामाजिक सुरक्षाको प्रवद्र्धनका लागि नेपाली नियोग मार्फत सम्बन्धित रोजगार मुलुकको सम्बद्ध निकायसँग समन्वय गरिनेछ ।

**कार्यक्रमहरु**

- विदेशस्थित जेलमा रहेका कामदारका कानूनी प्रतिरक्षा
- नियोगमा रहेका सुरक्षित गृहको सञ्चालनमा सहयोग
- विदेशमा अलपत्र परेका कामदारको शव झिकाउने कार्य
- कामदारको स्वास्थ्य लगायत सामाजिक सुरक्षाका लागि रोजगारदाता मुलुकसँग समझदारी कायम गर्ने
- काउन्सेलर/श्रमसहचारीलाई भाषा सम्बन्धी तालिम/अभिमुखिकरण कार्यक्रम

च) पूर्वप्रस्थान अभिमुखिकरण तालिमलाई नतिजामूखी हुने गरी क्रमशः सिकाई परीक्षण मार्फत गुणस्तरीयरुपमा कार्यान्वयनमा ल्याइनेछ ।

**कार्यक्रमहरु**

- क्लष्टर अनुसारको अभिमुखीकरण तालिम म्यानुअलको तयारी र छपाई
- म्यानुअल अनुसारको श्रव्य दृष्य तालिम सामग्री विकास
- प्रशिक्षक प्रशिक्षण र पुनर्ताजगी कार्यक्रम संचालन
- अभिमुखिकरण पूर्वधार निरीक्षण

- पूर्व प्रस्थान अभमुिखकिरण तालिम अनलाइन अनुगमन तथा व्यवस्थापन

छ) वैदेशिक रोजगार सम्बन्धी नीति एवम् कार्ययोजनाको आधारमा वैदेशिक रोजगार बोर्डको ५ बर्षे रणनीतिक योजना तर्जुमा तथा बोर्डको कार्य सञ्चालन निर्देशिका परिमार्जन/ संशोधन गरी कार्यान्वयनमा ल्याइनेछ ।

**कार्यक्रमहरु**

- बोर्डको ५ बर्षे रणनीतिक योजना तर्जुमा
- वैदेशिक रोजगार नीतिको पुनरावलोकन र बोर्डको कार्यसंचालन निर्देशिका २०६८ को परिमार्जन गर्ने

ज) सुरक्षित व्यवस्थित र मर्यादित रोजगारीको प्रवद्र्धनका लागि सचेतनामूलक सूचना तथा सामाग्रीहरु उत्पादन तथा प्रसारण गरिनेछ ।

**कार्यक्रमहरु**

- राष्ट्रिय आप्रवासन स्रोत केन्द्र संचालन
- श्रम कल सेन्टर व्यवस्थापन तथा संचालन
- सुरक्षित वैदेशिक रोजगारसम्बन्धी टेलिभिजन कार्यक्रम उत्पादन र प्रशारण (नेपाल टेलिभिजनबाट)
- वैदेशिक रोजगारसम्वन्धी साप्ताहिक रेडियो कार्यक्रम (रेडियो नेपालवाट)
- वैदेशिक रोजगारसम्बन्धी सन्देशमूलक श्रव्य/दृष्य सामग्री उत्पादन र प्रशारण
- विभिन्न भाषामा सचेतनामूलक सूचना तथा सन्देशहरुको निर्माण गरी केन्द्रीय तथा स्थानीय रेडियो /एफ.एम. बाट प्रशारण
- वैदेशिक रोजगार सम्बन्धी देशगत विवरण /ब्रोसियर/फ्याक्टसिट तथा अध्ययन प्रतिवेदन लगायत अन्य सूचनामूलक सामग्रीको छपाई तथा वितरण
- वैदेशिक रोजगारसम्बन्धी ऐन , नियम, निर्देशिका, मापदण्ड/कार्यविधीहरुको एकिकृत छपाइ (संशोधन परिमार्जन समेत)
- आप्रवासी कामदार दिवस
- सुरक्षित वैदेशिक रोजगारीसम्बन्धी बार्षिक प्रतिवेदन प्रकाशन तथा वितरण
- प्रचार प्रसार सामाग्री उत्पादन तथा वितरण

**चालु आ.व.को लागि स्वीकृत खर्च विवरण**

| | | |
|---|---|---|
| क | कार्यक्रमका लागि कुल प्रस्तावित खर्च | १ अर्ब ८६ करोड |
| ख | पुजीगत खर्च | ३० लाख |
| ग | व्यवस्थापकीय तथा कार्यालय संचालन खर्च | २ करोड १४ लाख |
| घ | नेपाल सरकार स्रोत(चालू) | १ करोड ८२ लाख |
| ङ | वैदेशिक नगद अनुदान (स्वीस एसडीसी) | ५३ लाख |

**आ.ब. २०७७/०७८ को लागि कूल बजेट** **१ अर्ब ९० करोड ७९ लाख**